## सानिमा माई हाइड्रोपावर लिमिटेड

**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**

का.म.न.पा. वडा नं. ४, काठमाडौं, फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
**Website :** www.maihydro.com | **E-mail :** sanimamai@sanimahydro.com


# नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा माई हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०७७ मंसिर १५ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७७ साल पौष २३ गते (तदनुसार ७ जनवरी, २०२१) बिहीबार ।

समय : विहान ११:०० बजे

स्थान : अकामा होटेल, काठमाण्डौ र Virtual माध्यम ZOOM APP मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

(वर्तमान कोभिड-१९ को महाव्याधिको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्देशन तथा मापदण्डको सम्मान एवं परिपालना गर्दै सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण तोकिएको संख्यामा मात्र शेयरधनीहरु सभा स्थलमा उपस्थित हुन सक्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि भर्चुअल माध्यमको व्यवस्था गरिएको छ ।)

**छलफलका विषयहरु :**

**नवौं वार्षिक साधारण सभाका प्रस्तावहरु**

**(क) साधारण प्रस्तावहरु**

१. नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात, आ.ब. २०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तीका लागि योग्य रहेको ।)
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूँजीका ५ प्रतिशतका दरले नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
५. एक जना स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति गर्ने ।
६. शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७६/०७७ को वितरण योग्य खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर वितरण गर्ने ।
२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने ।
   (क) कम्पनीको हालको अधिकृत पूँजी रु. २,७०,००,००,०००/-(अक्षरेपी दुई अर्ब सत्तरी करोड मात्र) बाट वृद्धि गरी रु. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) गर्ने ।
   (ख) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रु. २,५५,३१,००,०००/- (अक्षरेपी दुई अर्ब पचपन्न करोड एकतीस लाख मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. २,८०,८४,१०,०००/- (अक्षरेपी दुई अर्ब अस्सी करोड चौरासी लाख दश हजार मात्र) गर्ने ।
३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :**

१. भर्चुअल माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले sanimamai@sanimahydro.com वा krant.shrestha@sanimahydro.com मा इमेल गरी वा फोन नं. ०१-४३७३०३० वा मोवाइल नं. ९८५११४२०४६ मा सम्पर्क गरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आफ्नो नाम इमेल ठेगाना टिपाउनु पर्ने छ । भर्चुअल माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID र Passcode उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईने छ ।
२. महाव्याधि नियन्त्रणका सम्बन्धमा नेपाल सरकारले तोकेको सिमा भन्दा बढी व्यक्ति भेला हुन नपाइने हुनाले भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिई सभा सञ्चालन गरीने छ र यसरी उपस्थित शेयरधनीहरुको हाजिरीका लागि निजहरु Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने र सभा संचालन अवधिभरको भिडियो रेकर्डिङ्ग गरिनेछ ।
३. अनलाईन (भर्चुअल) माध्यमबाट सभामा सहभागी हुन तथा आफ्नो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा कारोना भइरस (कोभिड-१९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) माध्यमबाट उपस्थित भैदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।
४. सभा सुरु हुनु भन्दा एक घण्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागि हुने शेयरधनीहरुले दिईएको Meeting ID र Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।
५. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ९ बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ । कोभिड-१९ को संक्रमणको जोखिमका कारण सभास्थलमा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी, मतदान तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न, बचाउनका लागि आवश्यक पर्ने मास्क, पन्जा लगायतका न्यूनतम सुरक्षाका उपकरणहरु प्रयोग गर्न हुन अनुरोध छ ।
६. भर्चुअल माध्यमबाट आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै मोवाइल नं. ९८५११४२०४६, ९८४१२२१५७० वा कम्पनीको आधिकारीक ईमेल: sanimamai@sanimahydro.com मा सर्म्पक गरी नाम टिपाउन हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेलमा पठाउन सक्नु हुनेछ ।
७. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
८. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुन सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: www.maihydro.com मा पनि हेर्न सक्नु हुनेछ ।
९. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्वाराही, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
११. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गरिनु पर्ने प्रस्तावको रुपमा राखिने छैन ।
१२. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महनुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
१३. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/०९/१३ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०९/१२ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा आ. ब. २०७६/७७ वितरण योग्य खुद मुनाफाबाट बोनस शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।
१४. शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा १ जना महिला सहित ४ (चार) जना को निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिस कम्पनीको रजिष्टर्ड कार्यालयमा पछि प्रकाशित गरीनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सर्म्पक राख्नु हुन अनुरोध गरिन्छ ।
१५. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको कम्तीमा १००(एक सय) कित्ता शेयर लिई प्रचलित कानून तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्दछ । निज शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित कम्पनीले तोकेको ढाँचामा कम्पनीको केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाण्डौ अवस्थित निर्वाचन अधिकृतको कार्यकक्षमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्वाराही, काठमाण्डौ वा फोन नं. ४-३७३०३०, ४-३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा माई हाईड्रोपावर लि.को नवौ साधारण सभाको प्रायोजनार्थ आ.व. २०७६/०७७ को वासलात, नाफा-नोक्सान हिसाव लगायत कम्पनीको कारोवारको जानकारीका लागि निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ । कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०७६/०७७ को नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तिय विवरण तयार गरि सोहि बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएकोछ ।

**आ.व. २०७६/०७७ को सिंहावलोकन**

यस कम्पनीद्वारा सञ्चालित इलाम जिल्ला माई नगरपालिका स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) र माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) लाई विगतका वर्षहरुमा झैं दक्षतापूर्वक सञ्चालन गरि विद्युत उर्जा विक्रीबाट कम्पनीको आम्दानी अधिकतम बनाउने कार्यलाई प्रस्तुत आ.ब. २०७६/०७७ मा पनि निरन्तरता दिईएको छ । तसर्थ प्रस्तुत आर्थिक वर्ष समेत विद्युत उत्पादनको स्थिति संतोषजनक रही कम्पनी लाभमानै रहेको छ ।

| STATEMENT OF FINANCIAL POSITION | FY 2076-77 | FY 2075-76 |
|---|---|---|
| **Assets** | | |
| **Non-Current Assets** | | |
| Property Plant & Equipment | 18,740,179 | 15,567,884 |
| Intangible Assets | 3,740,656,095 | 3,890,115,243 |
| Intangible Assets under development | - | 1,069,263 |
| Held to maturity financial assets | 5,200,000 | 5,200,000 |
| Available-for-sale financial assets | - | - |
| Investment in associates | 947,500,000 | 242,500,000 |
| Other Financial Assets | 5,013,282 | 5,013,282 |
| Advance towards Investment in Equity | 283,250,000 | 630,750,000 |
| Current Assets | | |
| Other Financial Assets | 385,762,796 | 335,903,902 |
| Current other Assets | 12,479,778 | 14,318,937 |
| Inventories | 10,040,018 | 6,532,873 |
| Cash and short-term deposits | 78,223,337 | 228,935,385 |
| Current tax assets | 539,329 | - |
| **Total Assets** | 5,487,404,815 | 5,375,906,768 |
| | | |
| **Liabilities** | | |
| **Non-Current Liabilities** | | |
| Borrowings | 1,980,433,583 | 2,234,549,815 |
| Other Financial Liabilities | 860,000 | 8,501,116 |
| Other provisions | 1,588,114 | 3,551,677 |
| **Current Liabilities** | | |
| Borrowings | 259,701,534 | 235,550,539 |
| Other Financial Liabilities | 27,561,281 | 33,452,094 |
| Other Liabilities | 7,856,365 | 5,570,927 |
| Current Tax liabilities | - | 486,440 |
| **Total Liabilities** | **2,278,000,877** | **2,521,662,608** |
| | | |
| **Equity** | | |
| Share Capital | 2,553,100,000 | 2,321,000,000 |
| Retained Earnings | 651,749,222 | 530,689,389 |
| Other Reserves | 4,554,716 | 2,554,772 |
| **Total Equity** | **3,209,403,938** | **2,854,244,161** |
| | | |
| **Total Liabilities and Equity** | 5,487,404,815 | 5,375,906,769 |

| STATEMENT OF PROFIT OR LOSS | FY 2076-77 | FY 2075-76 |
|---|---|---|
| Revenue From Sale of Electricity | 860,784,011 | 725,082,581 |
| Plant operating expenses | (82,197,290) | (71,507,260) |
| **Gross profit** | **778,586,722** | **653,575,321** |
| Other Income | 1,112,963 | 2,086,934 |
| Administrative and Other operating expenses | (175,455,812) | (180,515,210) |
| **Net operating profit** | **604,243,872** | **475,147,045** |
| Financial costs | (242,005,044) | (278,788,071) |
| Financial income | 13,625,101 | 50,555,861 |
| **Profit/(Loss) before tax & bonus** | **375,863,929** | **246,914,834** |
| Provision for Staff Bonus | (7,517,279) | (4,842,797) |
| **Profit/(Loss) before tax** | **368,346,650** | **242,072,038** |
| Income Tax Expense | (1,507,066) | (10,761,819) |
| **Net Profit For the Year** | 366,839,585 | 231,310,219 |
| Basic Earnings Per Share | 14.37 | 9.97 |
| Diluted Earnings Per Share | 14.37 | 9.97 |

| STATEMENT OF CASH FLOW | FY 2076-77 | FY 2075-76 |
|---|---|---|
| **Cash Flow from Operating Activities** | | |
| Net Profit for the year(After Tax) | 366,839,585 | 231,310,219 |
| **Adjustment for:** | | |
| Amortization | 153,913,372 | 153,765,829 |
| Depreciation | 3,308,104 | 2,824,821 |
| Provision for tax | 1,507,066 | 10,761,819 |
| Payment of Tax | (1,993,505) | (12,946,950) |
| Employee benefit adjustment | 644,650 | 1,233,040 |
| Adjustments on Accumulated Depreciation | - | (343,627) |
| Prior Period adjustment for Share Management fees and charges | (420,000) | - |
| **Cash Flow from Operating Activities Before Changes in Working Capital** | **523,799,272** | **386,605,151** |
| **Cash Flow from Changes in Working Capital** | | |
| (Increase)/ Decrease in Current operating Assets | (52,066,209) | 63,845,779 |
| Increase/(Decrease) in Current operating Liabilities | (3,605,375) | (112,010) |
| **Cash Flow from Operating Activities** | **468,127,687** | **450,338,920** |
| **Cash Flow from Investing Activities** | | |
| (Increase)/Decrease in Work in Progress | 1,069,263 | 1,376,093 |
| Capitalization/Purchase of Fixed Assets | (6,480,399) | (4,931,979) |
| (Increment)/Decrease in Intangible Assets | (4,454,225) | (12,031,829) |
| Investment in Associates | (705,000,000) | (102,500,000) |
| Realization of Financial Assets | - | 1,302,581 |
| Advance towards Investment in Equity | 347,500,000 | (352,750,000) |
| **Cash Flow on Investing Activities** | **(367,365,361)** | **(469,535,135)** |
| **Cash Flow from Financial Activities** | | |
| Increase/(Decrease) in Borrowings | (229,965,237) | (207,808,392) |
| Payment of Financial Liabilities | (9,293,347) | (34,234,046) |
| Dividend Paid | (12,215,789) | (105,500,000) |
| **Cash Flow from Financial Activities** | **(251,474,373)** | **(347,542,438)** |
| **Total Cash Generated in the Year** | **(150,712,048)** | **(366,738,653)** |
| Opening Cash and Bank Balances | 228,935,385 | 595,674,038 |
| **Cash and cash equivalent at The End of The Year** | 78,223,337 | 228,935,385 |